# खोटेहाङ गाउँपालिका

# विनियोजन ऐन, २०८३

खोटेहाङ गाउँपालिका

खोटाङबजार, खोटाङ

कोशी प्रदेश, नेपाल

गाउँसभाबाट स्विकृत मिति :- २०८३।०३।०८

# विनियोजन ऐन, २०८३

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना : खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप– धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यस ऐनको नाम "खोटेहाङ गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

२) यो ऐन २०८३ साल श्रावण १ गते बाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५२,७९,०५,४८२।- (**अक्षेरुपी रुपैयाँ बाउन्न करोड उनानअसि लाख पाँच हजार चार सय बयासि मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन :

१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. खर्च गर्न बाँधा नपर्नेः- गाउँपालिका भित्र संङ्घिय सरकार र प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान, समपुरक अनुदान र गाउँपालिकाको श्रोतबाट साझेदारीमा संचालन हुने योजनाको लागि कानूनको परिधी भित्र रहेर योजना कार्यान्वयन भई बाँकी हुन आउने रकम सो आर्थिक वर्ष भरी आवश्यक प्रकिया अपनाई सो योजनामा खर्च गर्न बाँधा पर्ने छैन ।

उदिम बहादुर रा...
अध्यक्ष
...गाउँपालिका

अनुसूची : १

# नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्वन्धित)

## खोटेहाङ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### आर्थिक बर्ष २०८३/०८४ को आय तथा व्ययको प्रक्षेपण

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आय शिर्षक | | आर्थिक बर्ष २०८३/०८४ को वास्तविक आय रकम | खर्च शिर्षक नं | व्यय शिर्षक | आर्थिक बर्ष २०८३/०८४ को प्रस्तावित व्यय रकम | रकम अक्षरमा |
| **संघीय सरकारको अनुदान** | **वित्तीय समानिकरण** | **९६६०००००** | २११११ | पारिश्रमिक कर्मचारी | १६०००००० | एक करोड साठी लाख |
| | **राजस्व बाँडफाँड** | **८९२८६०००** | २११३१ | स्थानीय भत्ता | १०००००० | दस लाख |
| | **सशर्त अनुदान** | **२७६१०००००** | २११२३ | औषधी उपचार खर्च | ५०००० | पचास हजार |
| | **विशेष अनुदान** | **१२२०००००** | २११३२ | महंगी भत्ता | २०००००० | बिस लाख |
| | **समपुरक अनुदान** | **१०००००००** | २११४१ | पदाधिकारी बैठक (कार्यपालिका,गाउँसभा र अन्य) | १२००००० | बाह्र लाख |
| संघीय सरकारको जम्मा अनुदान | | ४८४१८६००० | २१११२ | पदाधिकारी सेवा सुविधा | ६९१२००० | उनानसत्तरी लाख बाह्र हजार |
| **प्रदेश सरकारको अनुदान** | **वित्तीय समानिकरण** | **८६२९०००** | २११२१ | पोशाक भत्ता | ८००००० | आठ लाख |
| | **सवारीसाधन कर बाँडफाँड** | **७४४७४८२** | २२१११ | धारा पानी विजुली | ७००००० | सात लाख |
| | **सशर्त अनुदान** | **७३९३०००** | २२११२ | सञ्चार महशुल | ९००००० | नौ लाख |
| | **समपुरक अनुदान** | **१४००००००** | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | २००००० | दुई लाख |
| | **विशेष अनुदान** | **०** | २८१४२ | घर भाडा | ५००००० | पाँच लाख |
| प्रदेश सरकारको जम्मा अनुदान | | ३७४६९४८२ | २८१४९ | अन्य भाडा (गोदाम गाडी आदि) | ४००००० | चार लाख |
| **आन्तरिक आम्दानी** | | **६२५००००** | २२२११ | इन्धन (पदाधिकारी) | २०००००० | बिस लाख |
| जम्मा आन्तरिक श्रोत | | ६२५०००० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २५००००० | पच्चिस लाख |
| **गत वर्षको नगद मौज्दात** | | **०** | २२२१३ | सवारी साधन मर्मत खर्च | ३५००००० | पैंतिस लाख |
| जम्मा गत वर्षको नगद मौज्दात | | ० | २२२२१ | सञ्चालन तथा मर्मत संभार खर्च | १०००००० | दस लाख |
| | | | २२२१४ | बिमा तथा नविनरण (सवारी साधन) | ५००००० | पाँच लाख |
| | | | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ४७४१४८२ | सत्तचालिस लाख एकचालिस हजार चार सय बयासी |
| | | | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ५००००० | पाँच लाख |
| | | | २२४१९ | अन्य सेवा शुल्क | २०५००००० | दुई करोड पाँच लाख |
| | | | २२२९१ | अवकास कोष | ५००००० | पाँच लाख |
| | | | २२६११ | अनुगमन मुल्यांकन | ५०००००० | पचास लाख |
| | | | २२६१२ | कर्मचारी सरुवा भ्रमण खर्च | २००००० | दुई लाख |
| | | | २२७११ | विविध खर्च | २५००००० | पच्चिस लाख |
| | | | २११३९ | अन्य भत्ता (शिशु स्याहार, अतिरिक्त समय भत्ता, दशैं तिहार र पालो पहरा) | १००००० | एक लाख |
| | | | २१२११ | सामाजिक सुरक्षा कोष (करार, डोर हाजिरी) | ३००००० | तिन लाख |
| | | | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ५०००० | पचास हजार |
| | | | २२७१२ | सभा सञ्चालन खर्च | ५००००० | पाँच लाख |
| | | | २८१४३ | सवारी साधन तथा मेशिन औजार भाडा | ७००००० | सात लाख |
| | | | २८९११ | भैपरी आउने चालु खर्च | १०००००० | दस लाख |
| | | | २११३४ | विषयगत समिति तथा कर्मचारी बैठक भत्ता | ५००००० | पाँच लाख |
| | | | २२३१५ | मध्यमकालिन खर्च संरचना निर्माण | ५००००० | पाँच लाख |
| | | | २२४११ | सेवा र परामर्श खर्च (विज्ञ परामर्श, कानुनी सल्लाकार) | २००००० | दुई लाख |
| | | | २२५११ | क्षमता विकास, परामर्श तालिम खर्च | २००००० | दुई लाख |
| | | | २२३११ | वडा कार्यालय संचालन खर्च | ५८५०००० | अन्ठाउन्न लाख पचास हजार |
| | | | २११३५ | महिला स्वयमसेविका प्रोत्साहन | १९३०००० | उन्नाइस लाख तिस हजार |
| | | | २२४१९ | पालिका प्रहरी | ३०००००० | तिस लाख |
| | | | २२४१९ | बा वि के तथा विद्यालय विद्यालय कर्मचारी थप तलव | ७०००००० | सत्तर लाख |
| | | | २२३११ | sieve analysis / sand replacement equipment खरिद | ३००००० | तिन लाख |
| | | | २७२१२ | आर्थिक तथा सामाजिक सहयोग | ५००००० | पाँच लाख |
| | | | | प्रशासनिक चालु खर्च | ९६७३३४८२ | नौ करोड सत्तसठ्ठी लाख तेंतीस हजार चार सय बयासी |
| | | | २२५२२ | चालु कार्यक्रम | ० | |
| | | | | **पालिका स्तरीय योजना** | ८१५३२३५२.०० | आठ करोड पन्ध्र लाख बतीस हजार तिन सय बाउन्न |
| | | | | **वडा स्तरीय योजना** | २९९४६६४८.०० | दुई करोड उनानसय लाख छयालिस हजार छ सय बठ्चालिस |
| | | | | क. पुजिगत जम्मा खर्च | १११४७९००० | एघार करोड चौध लाख उनासी हजार |
| | | | | ख. शसर्त अनुदान जम्मा | २८३४९३००० | अठ्ठाईस करोड चौतिस लाख त्रियानब्वे हजार |
| | | | | **शसर्त अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम** | २७६१००००० | सत्ताईस करोड एकसठ्ठी लाख |
| | | | | **शसर्त अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम** | ७३९३००० | त्रिहत्तर लाख त्रियानब्वे हजार |
| | | | | ग. विशेष अनुदान जम्मा | १२२००००० | एक करोड बाईस लाख |
| | | | | **विशेष अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम** | १२२००००० | एक करोड बाईस लाख |
| | | | | **विशेष अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम** | ० | |
| | | | | घ. समपुरक अनुदान जम्मा | २४०००००० | दुई करोड चालिस लाख |
| | | | | **समपुरक अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम** | १०००००००| एक करोड |
| | | | | **समपुरक अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम** | १४०००००० | एक करोड चालिस लाख |
| | | | | ङ. जम्मा गत वर्षको नगद मौज्दातबाट योजनामा विनियोजित रकम | ० | |
| वास्तविक कुल आय जम्मा | | ५२७९०५४८२ | | वास्तविक कुल व्यय जम्मा (क+ख+ग+घ+ङ) | ५२७९०५४८२ | बाउन्न करोड उनासी लाख पाँच हजार चार सय बयासी |